# जिल्ला सरकारी वकील कार्यालय
# रामेछाप, मन्थली

फोन नं.:- ०४८-५४००३४

फ्याक्स नं.:- ०४८-५४००३४

प.सं.:- २०८२/०८३

चलानी नं.:- ९२

जिल्ला सरकारी वकील कार्यालय रामेछाप, मन्थली स्था: २०४२

मितिः २०८२।०५।०४
ने.सं. ११४५ गुँलागा, १२ बुधबार

श्री जिल्ला प्रशासन कार्यालय,
मन्थली, रामेछाप ।

विषयः स्वतः प्रकाशनको विवरण पठाईएको सम्बन्धमा।

उपरोक्त सम्बन्धमा ताहाँ कार्यालयको च.नं. ४१४२ मिति २०८२।०३।२९ गतेको प्राप्त पत्रानुसार सुचनाको हक सम्बन्धी ऐन, २०६४, सूचनाको हकसम्बन्धी नियमावली, २०६५ बमोजिम यस कार्यालयबाट तयार गरिएको स्वतः प्रकाशनको प्रति थान-८ (आठ) यसै पत्र साथ पठाईएको व्यहोरा अनुरोध छ।

२०८२।५।४

...........................
लोक बहादुर कटुवाल
जिल्ला न्यायाधिवक्ता
जिल्ला न्यायाधिवक्ता

## जिल्ला सरकारी वकील कार्यालय रामेछापको मिति २०८२।०१।०१ देखि २०८२।०३।३१ सम्मको चौथो त्रैमासिकको प्रगति प्रतिवेदन

तथा

## सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) बमोजिम प्रस्तुत गरिएको जिल्ला सरकारी वकील कार्यालयसँग सम्बन्धित

# स्वतः प्रकाशनः

१. कार्यालयको स्वरुप र प्रकृतिः-



जिल्ला सरकारी वकील कार्यालय
रामेछाप, मन्थली
स्था: २०४२

नेपालको संविधानको धारा १५७ मा नेपालमा एक महान्यायाधिवक्ता रहने र निजको नियुक्ति प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिबाट हुने व्यवस्था छ । संविधानमा लेखिएदेखि बाहेक कुनै अदालत वा न्यायिक अधिकारी समक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने र नेपाल सरकारको तर्फबाट चलाइने मुद्दाहरूको सन्दर्भमा सम्बन्धित अदालत वा न्यायिक अधिकारी समक्ष अभियोगपत्र वा फिरादपत्र दर्ता गर्ने, मुद्दाको बहस पैरवी प्रतिरक्षा गर्ने एवं सरकार वा सरकारले तोकेका अधिकारीलाई कानूनी राय प्रदान गर्ने लगायतका काम, कर्तव्य र अधिकार महान्यायाधिवक्तामा निहित रहेको छ। महान्यायाधिवक्तामा निहित अधिकारहरू मातहतका सरकारी वकीलहरूलाई सुम्पन सक्ने संवैधानिक व्यवस्था अनुसार महान्यायाधिवक्ताबाट प्रत्यायोजित अधिकार महान्यायाधिवक्ताको कार्यालय मातहतका उच्च सरकारी वकील कार्यालय, विशेष सरकारी वकील कार्यालय र जिल्ला सरकारी वकील कार्यालयहरूमा कार्यरत सरकारी वकीलहरूबाट प्रयोग हुदै आएको छ । यसका लागि जिल्लातहमा जिल्ला सरकारी वकील कार्यालाय, उच्च अदालत हेरेको स्थानमा उच्च सरकारी वकील कार्यालाय र काठमाडैमा विशेष सरकारी वकील कार्यालय स्थापना गरींएको छ।

## २. कार्यालयको काम, कर्तव्य र अधिकारः-

क. नेपाल सरकार वादी हुने सरकार वादी फौजदारी मुद्दा चल्ने वा नचल्ने निर्णय गर्ने ।

ख. नेपाल सरकार वादी हुने फौजदारी मुद्दामा पुनरावेदन गर्ने वा नगर्ने निर्णय गर्ने ।

ग. नेपाल सरकार वादी हुने फौजदारी मुद्दामा नेपाल सरकारको तर्फबाट सम्बन्धित अदालतमा बहस, पैरवी तथा प्रतिरक्षा गर्ने।

घ. नेपाल सरकार वा जिल्ला स्थित संघीय कार्यालयहरुलाई आवश्यक कानूनी राय, परामर्श दिने ।

ङ. नेपाल सरकार वादी हुने फौजदारी मुद्दामा मिलापत्र गराउने ।

च. नेपाल सरकार वादी हुने फौजदारी मुद्दामा बहसनोट तयार गर्ने आदी ।

## ३. कार्यालयको कर्मचारी संख्याः-

| क्र.स. | पद | दरबन्दी संख्या | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|
| १. | जिल्ला न्यायाधिवक्ता | १ | १ | | स्थायी |
| २. | सहायक जिल्ला न्यायाधिवक्ता | १ | १ | | स्थायी |
| ३. | नायब सुब्बा | १ | १ | | स्थायी |
| ४. | खरिदार | १ | ० | १ | रिक्त |
| ५. | सहायक कम्प्युटर अपरेटर | १ | १ | | स्थायी |
| ६. | हलुका सवारी चालक | १ | १ | | करार |
| ७. | कार्यालय सहयोगी | १ | १ | | स्थायी |
| ८. | कार्यालय सहयोगी | १ | १ | | करार |
| ९. | कार्यालय सहयोगी | १ | १ | | करार |
| | जम्मा | ९ | ८ | १ | ३ जना करार |

जिल्ला न्यायाधिवक्ता

## ४. कार्यालयबाट प्रदान गरिने सेवाः-

क. मुद्दाको अनुसन्धान अगाडि बढाउन उपयुक्त नभएका जाहेरी तामेलीमा राख्ने निर्णय गर्ने ।

ख. पक्राउ परेका अभियुक्तलाई हिरासतमा राखी अनुसन्धान गर्नु पर्ने देखिएमा अदालतमा म्याद थप माग्ने ।

ग. हिरासतमा लिईएको व्यक्तिलाई धरौट, तारेख वा जमानीमा छाडी अनुसन्धान गर्नुपर्ने सहमति माग भएमा मिल्ने/ नमिल्ने निर्णय लिने ।

घ. अभियुक्तको बयान लिने ।

ङ. मुद्दाको अनसन्धानका क्रममा निर्देशन दिने ।

च. मुद्दा चल्ने/ नचल्ने निर्णय गर्ने ।

छ. अभियोगपत्र दायर गर्ने ।

ज. अभियुक्तलाई थुनामा राख्नु पर्ने वा धरौट माग्नु पर्ने विषयमा बहस पैरवी गर्ने ।

झ. सुरु मुद्दा हेर्ने निकाय वा अदालतको वेरितको आदेश बदर गर्न निवेदन मस्यौदा गर्ने ।

ञ. अनुसन्धानका अवधिमा पेश हुन नसकेका कागज प्रमाण मुद्दा हेर्ने निकायमा पेश गर्ने ।

ट. बकपत्र गराउने ।

ठ. साक्षी परामर्श गर्ने ।

ड. पीडितलाई न्यायिक कारवाहीको जानकारी दिने ।

ढ. बहस पैरवी गर्ने ।

ण. पुनरावेदनको मस्यौदा गर्ने ।

त. जिल्ला स्तरीय संघीय सरकारी कार्यालयलाई कानूनी राय प्रदान गर्ने ।

थ. पुनश्चः यस कार्यालयबाट सेवा प्रदान गरिएवापत कुनै शुल्क लाग्दैन ।

## ५. कार्यालयका शाखा र जिम्मेवार अधिकारी

| क्र.स. | (फोटो | कर्मचारीको नाम थर | पद | शाखा | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|---|
| १. |  | श्री लोक बहादुर कटुवाल | जि.न्या.व. | कार्यालय प्रमुख | ९८५४०४०४३४/ ९८५११८८७२८ | स्थायी |
| २. |  | बिनिता कपाली | स.जि.न्या.व | मुद्दा शाखा/ अभियोजन शाखा | ९८४३३७९७२० | स्थायी |
| ३. |  | श्री अजय कुमार कुशवाहा | ना.सु. | लेखा शाखा/ मुद्दा / प्रशासन | ९८६८२८३२४७ | स्थायी |

जिल्ला न्यायाधिवक्ता

| क्र.स. | फोटो | कर्मचारीको नाम थर | पद | शाखा | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|---|
| ४. |  | श्री अच्युत पन्थी | स.क.अ. | जिन्सी/मुद्दा/अभियोग शाखा | ९८४७२१७६६३ | स्थायी |
| ५. |  | श्री नानीबाबु कार्की | ह.स.चा. | सवारी साधन | ९८४४२०२२९० | करार |
| ६. |  | श्री एका बहादुर श्रेष्ठ | का.स. | मुद्दा शाखा | ९८४४३१६६८० | स्थायी |
| ७. |  | श्री गीता कार्की | का.स. | प्रशासन शाखा | ९८४४०४४१४५ | करार |
| ८. |  | श्री प्रमिला अधिकारी | का.स. | मुद्दा शाखा | ९८४२४४८४१२ | करार |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः-

| क.स | कार्यविवरण | लाग्ने समय |
|---|---|---|
| १. | मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को अनुसूची-१ मा उल्लेखित नेपाल सरकार वादी भई चल्ने मुद्दाहरु। | प्रहरी कार्यालयबाट अनुसन्धान प्रक्रिया पुरा भई अनुसन्धान प्रतिवेदन सहित सक्कल मिसिल प्राप्त भएको ३ दिन भित्र निर्णय गरी सम्बन्धित अदालतमा अभियोग पत्र दायर गर्ने। |
| २. | मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को अनुसूची-२ मा उल्लेखित नेपाल सरकार वादी भई चल्ने मुद्दाहरु। | अनुसन्धान अधिकारीबाट अनुसन्धान प्रक्रिया पुरा गरी निर्णयको लागि मिसिल प्राप्त भएको ३ दिन भित्र निर्णय गरी पठाउने। |
| ३. | मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को अनुसूची-१ वा अनुसूची-२ मा | सम्बन्धित निकायबाट प्रतिरक्षा गरी पाऊँ भनि लेखि आएमा प्रतिरक्षा गर्ने। |

जिल्ला न्यायाधिवक्ता

| क.स | कार्यविवरण | लाग्ने समय |
|---|---|---|
| | उल्लेखित मुद्दाहरु बाहेक अनुसुची-३ मा उल्लेखित मुद्दाहरु । | |
| ४. | थुनछेक तथा प्रतिरक्षा । | सम्बन्धित अड्डा/अदालतमा अभियोगपत्र पेश भए पछि । |
| ५. | मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा ७३ बमोजिम गरिने निवेदन । | सम्बन्धित अदालतबाट थुनछेक आदेश भएको १० दिन भित्र । |
| ६. | साक्षी वकपत्र गराउने । | सम्बन्धित कार्यालयबाट साक्षी उपस्थित भएको एक घण्टा भित्र अड्डा अदालतमा उपस्थित गराई यथासिघ्र वकपत्र गराउने । |
| ७. | पुनरावेदन/ मुद्दा दोहोर्याई हेरी पाँऊ भन्ने प्रस्ताव । | अदालतमा दायर गरिने पुनरावेदन पत्र पुनरावेदन म्याद भित्र र उच्च सरकारी वकील कार्यालय पठाईने पुनरावेदन गर्ने नगर्ने मुद्दा दोहोर्याई हेरी पाँऊ भन्ने प्रस्ताव पुनरावेदन म्याद प्राप्त भएको मितिले १० दिन भित्र । |
| ८. | सरकारी पक्षको साक्षी गवाहलाई वकपत्र गरे वापत भत्ता दिईने। | सरकारी पक्षको साक्षी गवाहलाई निजहरुले अड्डा अदालतमा उपस्थित भई वकपत्र गरे वापत राजपत्र अनंकित प्रथम श्रेणीको सरकारी कर्मचारीले पाए सरहको दैनिक भ्रमण भत्ता भुक्तानीको लागि जिल्ला प्रहरी कार्यालयमा लेखी पठाउने । |
| ९. | दस्तुर नलाग्ने । | अड्डा अदालतमा नेपाल सरकार पक्ष वा विपक्ष भएको कुनै पनि मुद्दा दायर गर्दा सो वापत र त्यसको काम कारवाहीको सिलशिलामा कुनै दस्तुर नलाग्ने। |

## ७. निर्णय गर्ने प्रकिया, अधिकारी निर्णय उपर उजुरी सुन्ने अधिकारी

| क.स. | कार्यविवरण | लाग्ने समय | सम्वन्धित फाँट | सम्बन्धित अधिकारी | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|
| १. | मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को अनुसूची-१ मा उल्लेखित नेपाल सरकार वादी भई चल्ने मुद्दाहरु। | प्रहरी कार्यालयबाट अनुसन्धान प्रक्रिया पुरा भई अनुसन्धान प्रतिवेदन सहित सक्कल मिसिल प्राप्त भएको ३ दिन भित्र निर्णय गरी सम्बन्धित अदालतमा अभियोग पत्र दायर गर्ने । | मुद्दा फाँट | जिल्ला न्यायाधिवक्ता/ सहायक जिल्ला न्यायाधिवक्ता | जिल्ला न्यायाधिवक्ता |

जिल्ला न्यायाधिवक्ता

| क.स. | कार्यविवरण | लाग्ने समय | सम्वन्धित फाँट | सम्बन्धित अधिकारी | गुनासो सुन्ने अधिकारी |
| --- | --- | --- | --- | --- | --- |
| २. | मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को अनुसूची-२ मा उल्लेखित नेपाल सरकार वादी भई चल्ने मुद्दाहरु। | अनुसन्धान अधिकारीबाट अनुसन्धान प्रक्रिया पुरा गरी निर्णयको लागि मिसिल प्राप्त भएको ३ दिन भित्र निर्णय गरी पठाउने। | मुद्दा फाँट | जिल्ला न्यायाधिवक्ता/सहायक जिल्ला न्यायाधिवक्ता | जिल्ला न्यायाधिवक्ता |
| ३. | मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को अनुसूची-१ वा अनुसूची-२ मा उल्लेखित मुद्दाहरु बाहेक अनुसुची-३ मा उल्लेखित मुद्दाहरु। | सम्बन्धित निकायबाट प्रतिरक्षा गरी पाउँ भनि लेखि आएमा प्रतिरक्षा गर्ने। | मुद्दा फाँट | जिल्ला न्यायाधिवक्ता/सहायक जिल्ला न्यायाधिवक्ता | जिल्ला न्यायाधिवक्ता |
| ४. | थुनछेक तथा प्रतिरक्षा। | सम्बन्धित अड्डा/अदालतमा अभियोगपत्र पेश भए पछि बहस/पैरवी | मुद्दा फाँट | जिल्ला न्यायाधिवक्ता/सहायक जिल्ला न्यायाधिवक्ता | जिल्ला न्यायाधिवक्ता |
| ५. | मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा ७३ बमोजिम गरिने निवेदन। | सम्बन्धित अदालतबाट थुनछेक आदेश भएको १० दिन भित्र। | मुद्दा फाँट | जिल्ला न्यायाधिवक्ता/सहायक जिल्ला न्यायाधिवक्ता | जिल्ला न्यायाधिवक्ता |
| ६. | साक्षी वकपत्र गराउने। | सम्बन्धित कार्यालयबाट साक्षी उपस्थित भएको एक घण्टा भित्र अड्डा अदालतमा उपस्थित गराई यथासिघ्र वकपत्र गराउने। | मुद्दा फाँट | सहायक जिल्ला न्यायाधिवक्ता | जिल्ला न्यायाधिवक्ता |
| ७. | पुनरावेदन/ मुद्दा दोहोर्याई हेरी पाँऊ भन्ने प्रस्ताव। | अदालतमा दायर गरिने पुनरावेदन पत्र पुनरावेदन म्याद भित्र र उच्च सरकारी वकील कार्यालय पठाईने पुनरावेदन गर्ने / नगर्ने मुद्दा दोहोर्याई हेरी पाँऊ भन्ने प्रस्ताव पुनरावेदन म्याद प्राप्त भएको मितिले १० दिन भित्र। | मुद्दा फाँट | जिल्ला न्यायाधिवक्ता/सहायक जिल्ला न्यायाधिवक्ता | जिल्ला न्यायाधिवक्ता |

जिल्ला न्यायाधिवक्ता

| क.स. | कार्यविवरण | लाग्ने समय | सम्वन्धित फाँट | सम्बन्धित अधिकारी | गुनासो सुन्ने अधिकारी |
| --- | --- | --- | --- | --- | --- |
| ८. | सरकारी पक्षको साक्षी गवाहलाई वकपत्र गरे वापत भत्ता दिईने। | सरकारी पक्षको साक्षी गवाहलाई निजहरुले अड्डा अदालतमा उपस्थित भई वकपत्र गरे वापत राजपत्र अनंकित प्रथम श्रेणीको सरकारी कर्मचारीले पाए सरहको दैनिक भ्रमण भत्ता भुक्तानीको लागि जिल्ला प्रहरी कार्यालयमा लेखी पठाउने । | मुद्दा फाँट | सहायक जिल्ला न्यायाधिवक्ता | जिल्ला न्यायाधिवक्ता |
| ९. | दस्तुर नलाग्ने । | अड्डा अदालतमा नेपाल सरकार पक्ष वा विपक्ष भएको कुनै पनि मुद्दा दायर गर्दा सो वापत र त्यसको काम कारवाहीको सिलशिलामा कुनै दस्तुर नलाग्ने । | मुद्दा फाँट | सहायक जिल्ला न्यायाधिवक्ता / नायव सुब्बा | जिल्ला न्यायाधिवक्ता |

## ९. सम्पादन गरेको कामको विवरणः-

क. सि.नं. १३ को *website visit* गर्नु हुन ।

## १०. सूचना अधिकारी र प्रमुखको नाम र पदः-

क. कार्यालय प्रमुखको नामः- लोक बहादुर कटुवाल
पदः-जिल्ला न्यायाधिवक्ता

ख. सूचना अधिकारीको नामः- विनिता कपाली
पदः- सहायक जिल्ला न्यायाधिवक्ता

## ११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची:-

क. मुलुकी अपराध संहिता, २०७४

ख. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४

ग. फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४

घ. बालबालिका सम्बन्धी ऐन,२०७५

ङ. अपराध पीडित संरक्षण ऐन,२०७५

च. उपभोक्ता संरक्षण ऐन,२०७५

## १२. आम्दानी खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरणः-

क. चालु खर्चतर्फः ५९,३६,३८७.७८।-

जिल्ला न्यायाधिवक्ता

ख. पुँजिगत तर्फः २,५०,०००।-

## १३. कार्यालयको website तथा E-mail address:-

Website:- www.ag.gov.np

Email:- attorneyrc47@gmail.com

dgao.ramechhap@ag.gov.np

Phone:- 048-544034

जिल्ला न्यायाधिवक्ता